## शैक्षिक जागरणकी प्रेरक व्यक्तित्व

# चन्द्रकान्ता मल्ल



जन्म : १९५५ पौष

मृत्यु : २०४३ असार

# शैक्षिक जागरणकी प्रेरक व्यक्तित्व : चन्दैकला मल्ल



- राधा खरेल

कुनै पनि मुलुकको विकास त्यस देशमा महिलाले प्राप्त गरेको अवसर, भूमिकामा र उचित सम्मानमा निर्भर गर्दछ । जवसम्म महिला तथा पुरुषले शिक्षा, स्वास्थ्य, रोजगार र देश विकासका लागी निर्णय प्रकृयामा समान सहभागीता हुँदैन तवसम्म राष्ट्रको समग्र विकास संभव छैन । चन्द्रकान्ता जसले महिलाहरुलाई शिक्षा दिन १९९० साल बैशाखमा काठमाडौंको मखन टोलमा पहिलो कन्या पाठशाला खोल्नु भयो र महिलाहरुलाई पढ्नको लागि हौसला दिनुभयो ।

वि.सं.१९५५ साल पौष शुक्ल पञ्चमीका दिन जन्मीएकी चन्द्राकान्ता सहिद शुक्रराज शास्त्रीकी बहिनी र समाजसेवी रत्नकुमारी जोशी र माधवराज जोशीकी छोरी हुन् । उहाँको जन्म ललितपुरको मंगलहिटी बकुँबहालमा भएको थियो । उहाँका अन्य दुइ दाजुहरु अमरराज र बाक्पतिराज थिए । माधवराज जोशीले तत्कालीन समयमा समाजमा रहेका गलत संस्कारहरुको अन्त्य गर्न जनतालाई यथार्थ कुरा गरेर समाजमा भएका कुसंस्कारको अन्त्य गर्ने कार्यको थालनी गरेका थिए । तत्कालीन राणाहरुलाई यो कार्य मनपरेको थिएन । उहाँले पुरोहित्याइं र जजमानी प्रथाको यथार्थ बताएर जनतालाई सूसुचित गराएका कारण खास गरि दरवारीया पुरोहित र उनका आसेपासेहरुले यो कार्यलाई मनपराएका थिएनन् । काजकृया, र कर्मकाण्ड जस्ता पुराना संस्कारहरुमा दान गर्दा पितृ खुसी हुने भन्ने पुरानो संस्कारलाई हटाउन र इच्छा सक्ति वा क्षमताको आधारमा दान गर्न वा यो भ्रमबाट मुक्त हुन उहाँले अभियाननै चलाए । कुनै न कुनै मौका छोपेर माधवराजलाई कारवाहि गराउन वा जेलनेल ठोक्ने दाउमा थिए दरवारीया गुरु पुरोहितहरु । तर मावधराज आफुले बुझेको कुरा गर्न कसैसंग डराउने खालका थिएनन् । उहाँले आफ्ना पिता माताको दाहसंस्कार र त्यसपछि गरिने क्रियाकर्म पुरानो नेवारी परम्पराबाट नगरेर केही आर्य समाजी मान्यता अनुसार गरेका थिए । त्यस समयमा यस प्रकारको नयाँ व्यवहार पुरोहितवर्गका लागि ठूलो चुनौती भयो । यहि मौका छोपेर तत्कालिन बडागुरुज्यू प्रयागराजले श्री ३ चन्द्रशमशेरकहां आफ्नै मातापिता मर्दा पनि परम्परा अनुसार

कृयाकर्म नगरेको आरोप लगाए र मुद्दा चलाए। २ बर्षको कठोर कैद सजाय पनि सुनाइयो र पछि उहाँलाई १९६२ भदौ महिनामा भौतिक कारवाही गरियो।

माधवराजको जेल सजायले उहाँको परिवार विचल्नीमा पर्नु स्वभाविकै थियो। उपत्यका बाहिर विरगञ्जमा निर्वासित जीवन विताउन बाध्य जोशी परिवार माधवराजको जेलमुक्तिको प्रतिक्षामा बस्नुको अर्को कुनै विकल्प थिएन। चन्द्रकान्ताले बाल्यकालमा घरमै शिक्षा प्राप्त गर्नुभयो। शिक्षा प्रेमी र समाजसेवी भएका कारण आफ्ना छोराछोरीको शिक्षादीक्षामा कुनै पनि कमी नहोस् भन्ने चाहनुहुन्थ्यो, माधबराज। जेलबाट ६ महिना अघिनै हिड्नुभएका माधवराजले हुन सम्मको हण्डर खानुभयो। यसबाट चन्द्राकान्ता पनि अछुतो हुने कुरै भएन। घर मै प्रारम्भीक शिक्षा लिनुभएकी चन्द्राकान्ता शिक्षा आर्जन गर्नकै निम्ती भारतको मेरठमा पुग्नुभयो जहां उहाँले आधुनिक र बैदिक शिक्षा सिक्नुभयो। मेरठको कन्या पाठशालाका प्रमुख त्यस बेलाका प्रसिद्ध चिकीत्सक डाक्टर रामचन्द्र हुनुहुन्थ्यो। त्यसताका उक्त विद्यालयमा पढ्न पाउनु चानचुने कुरै थिएन। त्यसपछि बाबु माधवराजको सामाजिक परिवर्तनको अभियान संगसगै उहाँ पनि दार्जीलिङ्ग जानुभयो। जहाँ चन्द्राकान्ताले कुचविहार महारानी स्कुलमा भर्ना हुने मौका पाउनुभयो। बंगाली, अंग्रेजी, संस्कृत भाषा लगायत संगीत, कला, सिलाइबुनाइजस्ता सीप लगायत ड्रिल पनि सिक्ने मौका मिल्यो। उहाँले सिलाइबुनाइमा उत्कृष्ठ सीप देखाएर पुरस्कार पनि पाउनुभयो। उहाँले त्यहाँ सिकेको शिक्षा, ज्ञान र सीपले उहाँलाई आफ्नो जीवनभर केही गरेर देखाउनका लागि साथ दियो। विभिन्न भाषाको अध्ययनले उनलाई संसारलाई फरक आंखाले हेर्ने अवसर प्रदान गर्‍यो। धेरै भाषा जान्ने मान्छेलाई अहिले पनि समाजमा सम्मानको आंखाले हेर्ने गरिन्छ।

दार्जेलिङमा उक्त विद्यालयको पढाइ सक्दा चन्द्राकान्ता १६ वर्षकी हुनुहुन्थ्यो। बि.सं. १९७१ तिर चन्द्रकान्ता आफ्नी आमा र दाजु संग नेपाल आउनुभयो। माधवराज कैद भुक्तान नहुदै जानुभएकोले श्री ३ बाट माफी बक्स नहुदै उहाँ नेपाल आउदा फेरी जेल जानुपर्ने अवस्था थियो। आफ्नी आमाको सहयोगमा बुबाको सजायलाई माफ गराउन उहाँले तत्कालीन श्री ३ लाई बिन्ती पत्र चढाइ

कुरा समेत राख्नुभयो । जुन कुरा त्यस समयमा एक जना १६ वर्षकी छोरी मान्छेका लागी चानेचुने कुरा थिएन ।

नेपाल आएपछि चन्द्राकान्ताले महिलाहरुका निमित्त बाबुले जस्तै जागरण अभियानको थालनी गर्नुभयो । उहाँले शिकेको शिप र ज्ञानलाई नेपाली महिलाहरुको उन्नतिमा लगाउने अठोट गर्नुभयो । महिला विद्यालय खोल्न उहाँले तत्कालीन दरवारीया राणाहरु मार्फत श्री ३ लाई मनाउन प्रयत्न गर्नुभयो । चन्द्रकान्ताले केशर सम्सेरको दरवारमा बसेर दरवारियाहरुको अत्याचार र अन्यायका बारेमा राम्रैसंग जान्ने मौका पाउनुभएको थियो । १५ वर्षको अथक प्रयासबाट पद्‌म समसेरले उहाँलाई कन्या पाठशाला खोल्ने अनुमति दिए । त्यहा उहाँले धेरै महिलाहरुलाई व्यवहारिक तथा सैद्धान्तिक शिक्षा दिनुभयो । यो नेपालमा पहिलो महिला जागरणका लागि गरिएको औपचारिक सफलता थियो । नेपालको इतिहासमा चन्द्राकान्ताको यो अभियान र प्रयासलाई अनुपम र महान कार्यको रुपमा चिनिन्छ ।

वि.सं. १९७० को दशकतिर चन्द्रकान्ताको समयमा नेपालमा महिलाहरूको अवस्था कस्तो थियो यो आजका महिलाहरु र युवा पिढिका लागि दन्त्य कथा जस्तो लाग्न सक्छ । त्यसताका महिलाहरुले ५० हातको सारी लगाउनु पर्दथ्यो, कपाल जुरो नबांदी त्यसै छोडेर हिड्न पाइदैनथ्यो, एक्लै हिड्न पाइदैनथ्यो, ठाडो शिर गरेर पुरुषको अनुहारमा हेर्नेलाई सामाजिक र पारिवारिक रुपबाट बहिस्कार गरिन्थ्यो । महिलाहरुले औपचारिक शिक्षा लिन पाइदैनथ्यो, जागीर खाने र पेशा व्यवसाय गर्ने त कुरै भएन । यस्तो अवस्थामा चन्द्राकान्ताको एक्लो प्रयासले महिलाहरुका लागी औपचारिक शिक्षा दिन विद्यालय खोल्नु, महिला जागरणका लागि पढ्न र शिप सिक्नका लागी टोल टोलमा गएर महिलाहरुलाई शिक्षित गर्नु चानचुने कुरै थिएन । उहाँले तत्कालीन बन्धनलाई चुनौती दिदै पेटीकोट र दसहाते सारी लगाएर नयाँ फेशन प्रारम्भ गर्नुभयो । उहाँले टाउकोको पछाडि चुल्ठो बाटेर काठमाण्डौका टोलटोलमा एक्लै हिड्नुभयो । यो देख्दा सवै आश्चर्य चकित त हुनेनै भए । त्यसबेला धेरैले उहाँको यो कार्यलाई मन पराएनन्, कुरा काटेर स्त्रि चरित्रलाई समाप्त पारेर हिडि पनि भने तर उहाँले यी कुनै कुराको पर बाह गर्नुभएन ।

लैङ्गीक समानताका केही विषय बाहेक आज महिलाहरुले जे जति सम्मान र सुविधा पाइरहेका छन् त्यो स्वभाविक उपज होइन भन्ने कुरा चन्द्राकान्ताको सघर्षशिल जीवनबाट बुझ्न सकिन्छ । यो महिला स्वतन्त्रताको उपलब्धी यस्तै संघर्षपुर्ण इतिहासले श्रृजना गरेका हुन । अर्थात तुलनात्मकरुपमा आजका महिलाहरुले पाएको सम्मान र अवसर कसैको आशिर्वाद नभएर बिगतदेखि वर्तमानसम्मका संघर्षशील महिला र विवेकशील पुरुषहरूको निरन्तर संघर्ष र प्रयासको परिणाम हो । यस्ता संघर्षहरु केवल महिलाहरुको सघर्षको परिणाम मात्र नभएर सवै वर्ग, समुदायका मानिसको सामुहिक प्रयासको परिणती हो । यस प्रकारको संघर्ष केवल नेपालमा मात्र नभएर विश्वका सवै मुलुकहरुमा भएका छन्, केवल समयको पृथकता मात्र हो ।

चन्द्राकान्ताले जीवनमा सामाजिक परिवर्तन, महिला जागरण र शिक्षाका लागी जति संघर्ष गरिन् उहाँको पारिवारिक जीवन पनि कम संघर्ष र दु:खमय छैन । चन्द्रकान्तासंग आकर्षित भएका भक्तपुरका सुब्बा भागवतलालका छोरा उमेश्वरलालले उनलाई मन पराएका थिए जो चन्द्राकान्ता भन्दा २ बर्ष जेठा थिए । एक अर्कामा सामिप्यता बढ्दै गयो र विवाह बन्धनमा माधिने निधो गरे । माधवराज गणितिय ज्योतिष विज्ञानका ज्ञाता समेत भएकाले उहाँले चन्द्राकान्ताको जन्मकुण्डली हेरेर उहाँको वैवाहिक जीवन सुखमय नहुने लक्षण देखेका थिए । तैपनि उमेश्वरलाल र चन्द्रकान्ताको १९७३ साल फागुन २५ गते स्वयंवर भयो । उमेश्वरलालले घरमा आफ्नी श्रीमती हुँदाहुदै चन्द्रकान्तासंग स्वयंवर गरेका रहेछन् । केही समय पछि उमेश्वरलाई आफ्नी जेठी श्रीमती लिएर उनीहरु सर्लाहीको मलंगवातर्फ गए । चन्द्रकान्ताले आफनो पारिवारिक असफलतालाई स्विकार्नुको अर्को विकल्प थिएन । त्यसवेला चन्द्रकान्ताले विवशता र वाध्यतामा वस्न वाध्य हुनुपऱ्यो । यसले चन्द्राकान्ताको जीवनमा ठूलो परिवर्तन ल्यायो । उहाँभित्र नयां चेतना पलायो । यो घटनामा उहाँले समाजबाट पुरुषलाई प्राप्त पर म्परागत छुट र महिलामा शिक्षा, चेतना र शीपको कमिको परिणामको दोष देख्नुभयो र यसलाई समाप्त पार्न मृत्यु पर्यन्त लाग्ने अठोट गर्नुभयो ।

दाम्पत्य जीवनमा आएको दु:खद् घटनाबाट राहत पाउँन र आफुले सिकेको सीपलाई उपयोग गर्ने अवसरको खोजी गर्दै जाँदा जनरल केशरशमशेर

को केशरमहलमा त्यहाँका केटाकेटीहरुलाई शीप सिकाउन चन्द्रकान्ता लाग्नुभयो । जनरल केशरशमशेरकी रानी श्री ५ जेठा शाहजादी थिइन्, जो तत्कालीन राजा श्री ५ त्रिभुवनकी दिदी थिइन् । सं.१९८२ देखि १९८४ सालसम्म उहाँले केशरमहलमा बसेर राणा दरबारको चालचलन, शोषण, अन्याय र अत्याचार बारे सबै जानकारी लिनुभयो । चन्द्रकान्ताका माइला दाजु शुक्रराजले विद्या आर्जन, धर्म र परोपकारका लागि काम गर्ने प्रेरणा दिएकाले उहाँ केशरमहल छाडेर सामाजिक कार्यमा लाग्नुभयो ।

लामो प्रयत्न र संघर्ष पश्चात उहाँले कन्या विद्यालय खोलेर आफुले सिकेका ज्ञान र शीप महिला जागरणका निमित्त झन्डै ५ वर्ष लागाउनुभयो । बैबाहिक जीवनबाट एक्लीएको झण्डै २४ वर्ष पछि उमेश्वरलालकी जेठी श्रीमतीको देहावसान पछि उहाँले चन्द्राकान्ता संगै बस्ने प्रस्ताव गरे । त्यस बेलाको समयमा आफ्ना श्रीमानको यो अनुरोधलाई उहाँले अस्विकार गर्न सक्नुभएन । तर २०३५ साल भदौ २२ गते ८४ बर्षको उमेरमा उहाँको श्रीमान्को निधन भयो र ८० वर्षको उमेरमा चन्द्रकान्ता विधवा हुनुभएको थियो । श्रीमानको मृत्युसम्म उहाँ पारिवारिक जीवनमा रहनु भयो ।

कन्या पाठशालाको संस्थापक भएर पनि आफ्नो इच्छाअनुसार पूरा योगदान गर्न नपाएकोमा असन्तुष्ट चन्द्रकान्तालाई शैक्षिक जागरणका लागि काम गर्ने भोक मरेको थिएन । चन्द्राकान्ताले आफ्नै प्रयासमा २०१८ साल साउन २५ गते आफ्ना दाजु शहिद शुक्रराज शास्त्रीको जन्म तिथिको दिन पारेर सहिद शुक्र विद्यालयको स्थापना गर्नुभयो । शिक्षाभावले अध्यापन गराउने सहयोगी शिक्षक पनि उहाँले पाउनुभएको थियो । यो विद्यालय उहाँले आफ्नै घरछिडीमा स्थापना गरी प्रारम्भ गर्नुभयो । ६० वर्षको उमेरमा नेपाली महिलाको शिक्षाप्रतिको प्रेम र लगावलाई एक अनुकरणीय कार्यको रुपमा लिनु पर्दछ ।

पछि गएर समाजका सवैको सहयोगमा काठमाण्डौ बागबजारमा ३ रोपनी १४ आना जग्गा खरिद गरेर उक्त विद्यालयलाई स्थायीत्व गर्ने कार्य उहाँकै नेतृत्वमा भएको थियो । सं.२०३१ साल माघ २७ गते माध्यमिक स्तरको दर्जा पाएको उक्त विद्यालयमा ३० बर्षसम्म प्रधानाध्यापक समेत भएर उहाँले काम

गर्नुभयो । नेपालमा कुनै पनि विद्यालयको स्थापनाको इतिहासमा कुनै एक महिलाले गरेको कठोर संघर्षको कथा र व्यथा यसमा लुकेको देखिन्छ । उहाँले समाजमा चेतना जगाउन गरेको अथक परिश्रम र शिक्षा प्रचारमा गरेको योगदानको कदर गर्दै २०११ सालमा गठन भएको सल्लाहकार सभाको सदस्यमा श्री ५ त्रिभुवनबाट मनोनित गरिएको थियो । २०११ साल जेठ १५ गते सिंहदरबार को ग्यालरी बैठकमा भएको सभामा उहाँको पहिलो सहभागीता थियो ।

उहाँ सन् १९५६ मा मस्कोमा भएको अन्तर्राष्ट्रिय युथ फेस्टिभल, को आयोजना गरिएको उत्सवमा भाग लिन नेपालका बिभिन्न संघसंस्थाहरूका प्रतिनिधिहरू जाने सिलसिलामा जानुभयो । यो घटनाले उहाँको जीवनमा ठूलो प्रभाव पारेको थियो ।

उहाँ २०१५ सालमा गठित राजनीतिक पीडित सहयोग समितिको सदस्यमा मनोनित हुनुभयो भने "सेवा नै धर्म हो" भन्ने भावना राख्ने चन्द्रकान्तालाई २०२८ साल फागुन २५ गते महिला दिवसको अवसरमा "रत्न समाज सेवा पदक" तथा रत्न राज्य लक्ष्मीदेवी शाहको ५० औं जन्मोत्सवका उपलक्ष्यमा "रत्न साक्षरता शिल्ड", प्रदान गरिएको थियो ।

चन्द्रकान्ताको निधन करिब ८८ बर्षको उमेरमा बि.सं.२०४३ साल असार महिनामा पशुपति आर्यघाटमा भएको थियो । दाह संस्कारमा साहिलो छोरातर्फका नाती शुभाष मल्लले दागबत्ती दिएका थिए । यसरी नेपालको महिला जागरणकी एक प्रेरक व्यक्तित्वले समाधि लिनुभयो । उहाँका संघर्षशिल जीवनका गाथा आधुनिक महिलाका लागि एक प्रेरक निधिको रुपमा परिचित छ जसले सदा सर्वदा सामाजिक परिवर्तनका लागि उर्जा दिइरहनेछ ।

(यो जीवनी तयार गर्दा चन्द्रकान्ता मल्ल स्मृतिका गुच्छाहरुमा प्रकाशित जानकारीलाई आधार बनाइएको छ )

■ ■ ■